गंगादेव गाउँपालिका

# गाउँ कार्यपालिकाको बैठक

आ.व. २०८२/०८३ को गाउँ कार्यपालिकाको बैठक
संख्याः..................................

- मितिः २०८२ भदौ महिनाको ५ गते बिहिबार।
- समयः ११:०० बजे बिहान।
- स्थानः गाउँ कार्यपालिकाको कार्यालय सानडाँडा, रोल्पा ।

गंगादेव गाउँपालिकाका अध्यक्ष श्री हरी बहादुर पुनको अध्यक्षतामा बसेको गंगादेव गाउँ कार्यपालिको बैठ्कमा तपसिलको उपस्थितिमा तपसिल बमोजिमका विषयहरुमा छलफल गरी निर्णयहरु गरियो ।

**उपस्थितिः**

| सि.न. | पदाधिकारीको नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री हरी बहादुर पुन | गाउँपालिका अध्यक्ष | [signature] |
| २ | श्री अमृता कुमारी के सी | गाउँपालिका उपाध्यक्ष | [signature] |
| ३ | श्री अमृत बहादुर वली | वडा अध्यक्ष (१ न. वडा) | |
| ४ | श्री अमर बहादुर खत्री | वडा अध्यक्ष (२ न. वडा) | [signature] |
| ५ | श्री लोकमान वली | वडा अध्यक्ष (३ न. वडा) | [signature] |
| ६ | श्री कृष्ण वली | वडा अध्यक्ष (४ न. वडा) | [signature] |
| ७ | श्री अमृत बहादुर बुढा | वडा अध्यक्ष (५ न. वडा) | [signature] |
| ८ | श्री विर बहादुर वली | वडा अध्यक्ष (६ न. वडा) | [signature] |
| ९ | श्री प्रेम प्रकाश के सी | वडा अध्यक्ष (७ न. वडा) | [signature] |
| १० | श्री भक्ती वि.क. | गाउँ कार्यपालिका सदस्य | [signature] |
| ११ | श्री रामकला वि क | गाउँ कार्यपालिका सदस्य | [signature] |
| १२ | श्री दुरपता घर्ती | गाउँ कार्यपालिका सदस्य | [signature] |
| १३ | श्री तुल्सी कामी | गाउँ कार्यपालिका सदस्य | |
| १४ | श्री कमला डाँगी | गाउँ कार्यपालिका सदस्य | [signature] |
| १५ | श्री खिमा कुमारी के सी | गाउँ कार्यपालिका सदस्य | |
| १६ | श्री शालिकराम बस्नेत | सदस्य सचिव | [signature] |

आमन्त्रितहरुको उपस्थिति:

| सि.न. | कर्मचारीको नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | कुल बहादुर योगी | स.प्रशासकीय अधिकृत(प्र.शा.प्र.) | |
| २ | | | |
| ३ | | | |
| ४ | | | |

प्रस्तावहरु:-

१ अघिल्लो कार्यापालिकाको बैठ्क समिक्षा सम्बन्धमा ।

२ निमित्त प्रमुख प्रशासकीय अधिकृतको जिम्मेवारी माग गर्ने सम्बन्धमा ।

३ कार्बन वित्त परियोजनामा सहभागीताको प्रस्ताव सम्बन्धमा ।

निर्णयहरू:

१. निर्णय नं १:- प्रस्ताव नं १ उपर छलफल गर्दा अघिल्लो कार्यपालिकाबाट पारित भएका निर्णयहरुको समिक्षा गरी कार्यान्वयनको चरणमा रहेका निर्णयहरुलाई थप प्रभावकारी ढंगले कार्यान्वयन गर्ने निर्णय गरियो।

२. निर्णय नं २:- प्रस्ताव नं २ उपर छलफल गर्दा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको प.सं. २०८१/०८२, च.नं. १८७३, मिति २०८२/०१/०५ को पत्रबाट यस कार्यालयमा कार्यरत वरिष्ठतम कर्मचारी श्री शालिक राम बस्नेत (क.सं.नं. २३६३५४, स्थानीय प्रशासन सेवा, सामान्य प्रशासन समूह, अधिकृत सातौं) लाई यस कार्यालयमा प्रमुख प्रशासकीय अधिकृत नखटाईए सम्म वा बढीमा मिति २०८२ असार मसान्तसम्म आर्थिक तथा प्रशासनीक कार्य गर्ने गरी जिम्मेवारी दिईएकोमा हाल सम्म पनि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले अर्को प्रमुख प्रशासकीय अधिकृत नखटाएको हुँदा यस कार्यालयमा कार्यरत प्रशासकीय अधिकृत (अधिकृत सातौं) श्री शालिक राम बस्नेतलाई आर्थिक तथा प्रशासनीक कार्य गर्ने गरी प्रमुख प्रशासकीय अधिकृतको जिम्मेवारी मागको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय सिंहदबार काठमाडौंमा पत्राचार गर्ने निर्णय गरियो ।

३. निर्णय नं ३:- प्रस्ताव नं ३ उपर छलफल गर्दा नेपाल सरकारको वातावरण संरक्षण ऐन, २०७६ र वातावरण संरक्षण नियमावली, २०७७ अनुसार जलवायु परिवर्तन न्यूनिकरणको लागि कार्बन वित्त अन्तर्गत परियोजनामा सहभागीता जनाउन सम्भावित गतिविधीहरु जस्तै ऊर्जा, फोहोर व्यवस्थापन, कृषि लगायतमा ग्रीनहाउस ग्याँस न्यूनिरकण परियोजनाको लागि कार्बन वित्त परियोजनामा सहभागीताको प्रस्ताव पेश गर्नका लागि परिपत्र गर्ने निर्णय गरियो ।